आज मिति २०७८/०२/३१ गते सोमबारका दिन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु, निर्वाचित जनप्रतिनिधिहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, पार्टी प्रतिनिधिहरु लगायत देहायका माहानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सेनानी | - श्री विष्णु भक्त श्रेष्ठ | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| वरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री जगत बहादुर भोलन, गा.पा. अध्यक्ष, घ्याङ्लेख गाउँपालिका

श्री कर्ण बहादुर थापा मगर, गा.पा. अध्यक्ष, तीनपाटन गाउँपालिका

श्री उज्वल बराल, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शुक्र बहादुर विशंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमरेस चन्द्र बैदार, अध्यक्ष, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री ..........................., गैर सरकारी संस्था महासंघ

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री महेन्द्रदेव श्रेष्ठ, सि. खा.पा. तथा सरसफाइ समिति अध्यक्ष

निर्णयहरु

१. गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, (राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र), सिंहदरवार, काठमाडैको चलानी नं. १८९ मिति २०७८/०२/२८ गतेको प्राप्त पत्रानुसार मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा तपशिल बमोजिम निर्देशन प्राप्त भएकोले सम्बन्धित सबै सुरक्षा निकाय, सबै स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी लगायत सरोकारवाला निकायहरुले विपद्को प्रतिकार्य योजना तयार गरी पूर्व तयारी अवस्थामा राख्ने ।

<u>तपशिलः</u>

क) मनसुन सक्रिय अवधिभर बाढी, डुवान र पहिरोका कारण जोखिमयुक्त स्थानहरुमा विशेष सावधानी अपनाउने ।

ख) उच्च जोखिममा रहेका बस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहजिकरण गर्ने ।

ग) अत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी)हरुको आवश्यक भण्डारण गर्ने ।

घ) महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भई उच्च जोखिममा रहेका व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान दिने ।

ङ) NEOC र DHM बाट नजिकका नदी, नालामा पानीको वहावको सूचना लिई नदीको सतह बढेमा तल्लो तटीय क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित रहन सूचना प्रवाह गर्ने/गराउने ।

च) बाढी आएको समयमा नदी नालामा माछा मार्ने, पौडी खेल्ने, काठ, दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गर्ने ।

छ) सरोकारवाला निकाय (प्रदेश र स्थानीयतह)हरु सँग आवश्यक समन्वय गरी विपद् जोखिम न्यूनिकरणको कार्यहरु गर्ने ।

ज) कोभिड महामारी र मनसुनजन्य विपद् प्रतिकार्यको लागि विभिन्न विषयगत क्षेत्र (Clusters) सक्रिय गर्ने निर्णय भईसकेकोले विषयगत क्षेत्रहरुलाई समेत परिचालन गरी मानसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा जुट्ने ।

झ) कोभिड-१९ का सुरक्षात्मक उपायहरु समेत अबलम्बन गरी खोज तथा उद्दार कार्य प्रभावकारी रुपमा गर्ने गराउने ।

ञ) मौसम सम्बन्धी जानकारीका लागि निम्न जल तथा मौसम विज्ञान विभागको वेवसाइट <u>www.hydrology.gov.np</u> र मन्त्रालयको drrportal.gov.np नियमित अवलोकन गर्ने ।

२. सबै सुरक्षा निकाय, सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रको विपद्को क्षेत्र पहिचान गर्ने, Focal Person तोक्ने; विपद बाट प्रभावितहरुलाई तत्काल अस्थायी बसोबास स्थलको व्यवस्था गर्न स्थान तोक्ने । साथै सबै स्थानीय तहले JCB वा एक्साभेटर १ थान तयारी अवस्थामा राख्न अनुरोध गर्ने ।

३. वि.पि. लोकमार्ग, मदन भण्डारी लोकमार्ग र मध्यपहाडी लोकमार्गलाई मनसुनजन्य विपद् नियन्त्रण र उद्धारका लागि १/१ थान एक्साभेटर तयार अवस्थामा राख्न अनुरोध गर्ने ।

४. मौसम जन्य विपद् प्रभावितहरुलाई राहत प्रदान गर्न तत्कालको लागि गृह मन्त्रालयसँग रु. ५०,००,०००।-- (पचास लाख) माग गर्ने ।

५. कोभिड-१९ नियन्त्रणको लागि बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट रु. ४ लाख बजेट प्राप्त भएकोमा १५ थान अक्सिजन सिलिण्डर, मास्क, स्यानिटाइजर लगायतका स्वास्थ्य सामग्री खरिद गर्न अनुमति प्रदान गर्ने । खरिद गरिएका स्वास्थ्य सामग्रीहरु माग र आवश्यकताको आधारमा वितरण गर्ने ।

६. कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको नेपाली सेनाले शव व्यवस्थापन गर्दै आएको छ । नेपाली सेनाका जवानहरुलाई होटल क्वारेन्टिनमा राख्ने क्रममा महाभारत होटलमा राखिदै आएको छ । कोभिड-१९ नियन्त्रण र व्यवस्थापन गर्न जिल्ला समन्वय समितिमा एक कोष रहेको र उक्त कोषको खर्च गर्दा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसका आधारमा जिल्ला समन्वय समितिबाट खर्च गर्ने प्रावधान बमोजिम शव व्यवस्थापन गरी बसेका नेपाली सेनाका जवानहरुको महाभारत होटलको बिल बमोजिमको रु. ७४,५८०।- भुक्तानी गरिदिनु भनि सिन्धुली अस्पतालको चलानी नं. ५६५, मिति २०७७/११/१३ को पत्रबाट सिफारिस भई आएको हुँदा उक्त रकम भुक्तानीका लागि जिल्ला समन्वय समिति सिन्धुलीलाई सिफारिस गर्ने ।

७. यस जिल्लाका स्थानीय तहमा विपद् व्यवस्थापनका निम्ति आवश्यक पर्ने सामग्रीहरु अभाव रहेको अवस्था देखिएकोले उक्त सामग्रीहरु खरिद गरी सम्बन्धित स्थानीय तहमा रहेका सुरक्षा निकायहरुलाई यथासम्भव छिटो उपलब्ध गराउन तत् तत् स्थानीय तहलाई अनुरोध गर्ने ।

८. सम्भावित विपद्लाई व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक पर्ने तार जालीको पर्याप्त मौज्दात राख्न ~~जिल्ला~~ सिंचाई कार्यालय, सिन्धुलीलाई अनुरोध गर्ने ।

२०७८/१२/३१